# नेपाली सेना

## श्री कार्यरथी विभाग, भर्ना छनौट निर्देशनालय,
## अधिकृत क्याडेट छनौट लिखित परीक्षाको पाठ्यक्रम (खुल्ला)

## परिचय

१. यो पाठ्यक्रम नेपाली सेनाको खुल्ला तर्फको अधिकृत क्याडेट छनौट परीक्षाको लागि निर्धारण गरिएको हो । अधिकृत क्याडेट छनौट लिखित परीक्षामा सरिक हुने उम्मेदवारहरुलाई निम्न अनुसारको सामान्य ज्ञान, अंग्रेजी, नेपाली र गणित विषयको जम्मा ४०० पुर्णाङ्कको लिखित परीक्षा लिइनेछ ।

**लिखित परीक्षा योजना**

| पत्र/विषय | पुर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली | अङ्क | प्रश्नसंख्या X अङ्क | समय |
|---|---|---|---|---|---|---|
| **सामान्य ज्ञान** | १०० | ४० | वस्तुगतः बहुवैकल्पिक प्रश्न | १०० | १०० प्रश्न × १ अङ्क = १०० अङ्क | १ घण्टा १५ मिनेट |
| **English** | १०० | ४० | वस्तुगतः बहुवैकल्पिक प्रश्न | २० | २० प्रश्न × १ अङ्क = २० अङ्क | १५ मिनेट |
| | | | विषयगतः | ८० | २ प्रश्न × ५ अङ्क = १० अङ्क<br>४ प्रश्न × १० अङ्क = ४० अङ्क<br>२ प्रश्न × १५ अङ्क = ३० अङ्क | २ घण्टा १५ मिनेट |
| **नेपाली** | १०० | ४० | वस्तुगतः बहुवैकल्पिक प्रश्न | २० | २० प्रश्न × १ अङ्क = २० अङ्क | १५ मिनेट |
| | | | विषयगतः छोटो उत्तर<br>लामो उत्तर | ६०<br>२० | सम्बन्धित पाठ्यक्रममा तोकिए अनुसार हुनेछ । | २ घण्टा १५ मिनेट |
| **गणित** | १०० | ४० | वस्तुगतः बहुवैकल्पिक प्रश्न | २० | २० प्रश्न × १ अङ्क = २० अङ्क | १५ मिनेट |
| | | | विषयगतः छोटो उत्तर<br>लामो उत्तर | २४<br>५६ | १२ प्रश्न × २ अङ्क = २४ अङ्क<br>१४ प्रश्न × ४ अङ्क = ५६ अङ्क | २ घण्टा १५ मिनेट |

## उद्देश्य

२. अधिकृत क्याडेटमा छनौट हुने उम्मेदवारले भविष्यमा गर्नुपर्ने तालिम (Training) तथा प्रदान गर्ने नेतृत्व (Leadership) एवं बहन गर्नुपर्ने जिम्मेवारी (Responsibility) लाई केन्द्रमा राखी उम्मेदवार छनौट गर्ने क्रममा निजहरुको सामान्य ज्ञान, अंग्रेजी, नेपाली र गणितका विषयवस्तुको ज्ञानबारे यकिन गर्न पाठ्यक्रम निर्धारण गरिएको हो । यस पाठ्यक्रमको उद्देश्य:-

२.१ उम्मेदवारहरुको समसामयिक परिस्थितिको सचेतनाबारे परीक्षण तथा पृष्ठभुमि/मोफसलका खवरहरुको ज्ञान बारे परीक्षण गर्ने (Test the Candidate's Situational Awareness and Knowledge of Background Information)।

२.२ उम्मेदवारहरुको दैनिक क्रियाकलापमा आवश्यक पर्ने गणितीय चुनौती समाधान गर्न सक्ने क्षमता परीक्षण गर्न ।

२.३ उम्मेदवारहरुको नेपाली र अंग्रेजी भाषा सम्बन्धी तहगत ज्ञान, सीप र भाषिक क्षमताको परीक्षण गर्न ।

३. परीक्षा विधि

३.१ लिखित परीक्षाको माध्यम नेपाली वा अंग्रेजी भाषा अथवा दुवै हुनेछ । तर भाषा सम्बन्धी विषयको माध्यम सम्बन्धित भाषा नै हुनेछ ।

३.२ आई.क्यु. (I.Q. Test) बाट छनौट भएका उम्मेदवारहरु मात्र त्यसपछिको लिखित परीक्षामा सम्मिलित गराईनेछ ।

३.३ नेपाली सेनाको तत्कालीन आवश्यकता अनुकुल हुने गरि पाठ्यक्रम परिमार्जन गर्न सकिनेछ ।

३.४ बस्तुगत बहुबैकल्पिक प्रश्न (Multiple Choice Questions) मा क्याल्कुलेटरको प्रयोग गर्न पाईने छैन ।

३.५ यो पाठ्यक्रम मिति २०७०/०२/१४ गते पश्चात हुने विज्ञापन देखि लागु हुनेछ ।

३.६ यो पाठ्यक्रम लागु भएपश्चात यस भन्दा अगाडिको पाठ्यक्रम स्वत: खारेज हुनेछ ।